नेपाल सरकार

# प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

सिंहदरबार, काठमाडौं
नेपाल ।

पत्र संख्या :

प्रेस विज्ञप्ति

च.नं. :

मिति : ..........................

आज मिति २०७५ असोज २९ गतेका दिन प्रधानमन्त्री तथा मन्त्रपरिषद्को कार्यालयका सचिव श्री केदार बहादुर अधिकारीज्यूको संयोजकत्वमा बसेको बैठकमा आसन्न विजयादशमीको समयमा लामोदूरी तथा काठमाण्डौ उपत्यकामा सार्वजनिक सवारीलाई व्यवस्थित बनाउने सन्दर्भमा छलफल भयो । उक्त बैठकमा भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका सचिव, नेपाल प्रहरीका अतिरिक्त प्रहरी महानिरीक्षक, नेपाली सेनाका प्रतिनिधि, यातायात व्यवस्था विभागका महानिर्देशक, गृह मन्त्रालयका सहसचिव, यातायात व्यवसायी महासंघका अध्यक्ष लगायतका प्रतिनिधिहरु समेतको उपस्थिति रहेको थियो । उक्त बैठकबाट देहाय बमोजिम व्यवस्था गरी आसन्न विजयादशीको समयमा सार्वजनिक सवारीको व्यवस्थापन गर्ने निर्णय भएको व्यहोरा सम्बन्धित सबैमा जानकारीको लागि अनुरोध छ ।

१. काठमाण्डौ उपत्यकामा विजयादशीको समयमा ट्याक्सीहरु अनिवार्य रुपमा मिटरमा संचालन हुनु पर्ने र नगर्ने ट्याक्सीलाई ट्राफिक महाशाखा मार्फत कारबाही गर्ने । यस क्रममा मिटरमा संचालन नगर्ने वा अनियमित भाडा लिने ट्याक्सीको सम्बन्धमा ट्राफिक प्रहरीको १०३ वा ४२१९६४१ र प्रधान्मन्त्री तथा मन्त्रिरपरिषद्को कार्यालयको हेलो सरकार कक्षको फोन नम्बर ९८५११४५०४५ र ४२११०८७ मा फोन गरी टिपाउन सकिने ।

२. विजयादशीको विदाको समयमा सार्वजनिक सवारी साधन संचालन गरी यात्रुलाई सेवा दिने सम्बन्धमा साझा यातयातले आफ्नो साविकको रुटमा नै सेवा दिने प्रतिवद्धता जनाएको, नेपाली सेनाले विभिन्न रुट तोकी सवारी साधन संचालन गर्ने जनाएको र नेपाल प्रहरी, सशश्त्र प्रहरी तथा अन्य विभिन्न सरकारी निकायका ठूला सवारी साधनलाई प्रयोग गर्न सम्बन्धित निकायलाई निर्देशन दिने । संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले संचालनमा ल्याउन सकिने ठूला सवारी साधनहरुको संख्या ट्राफिक प्रहरीलाई उपलब्ध गराउने र सवारी चल्ने रुट ट्राफिक प्रहरी महाशाखाले तोक्ने ।

३. लामोदूरीमा संचालन हुने सार्वजनिक सवारीले अनिवार्य रुपमा फोहर संकलन गर्ने विनको व्यवस्था गरी तोकिएको स्थापनमा मात्र फोहर विसर्जन गर्नु पर्ने र यसो नगरेमा कारबाही गर्ने विषय र काठमाण्डौ उपत्यका हाल पहिचान भएका ६६ वटा रुटको सम्बन्धमा पिकअप र ड्रपस्थान तोकी निर्धारित स्थानमा मात्र यात्रु चढाउने र ओराल्ने गरी पूर्वतयारीको काम गर्न यातयात व्यवस्था विभागलाई निर्देशन दिने ।

मितिः २०७५।०६।२९

(विष्णुप्रसाद घिमिरे)
उपसचिव

टेलिफोन : ४२११०२५, ४२११०४०, ४२११०३५, ४२११०८०, ४२११०७३, ४२११०२१, ४२११०३८
फ्याक्स : ४२११०६५, ४२११०८६, ४२११०३८, ४२११०२१, ४२११०४७ पो.ब.नं. : २३३१२, काठमाडौं, नेपाल
ई-मेल : info@opmcm.gov.np
वेब साइट : http://www.opmcm.gov.np